# विनयी त्रिवेणी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### वार्षिक नीति तथा कार्यक्रम

### आर्थिक बर्ष २०८०/०८१

मिति २०८०/०३/०८ गते शुक्रवार

**सभा सदस्यज्यूहरु,**

यस विनयी त्रिवेणी गाउँपालिकाको गरिमामय १३ औं गाउँसभाका उपाध्यक्षज्यू, सभा सदस्यज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यू, सुरक्षाकर्मिज्यूहरु, पत्रकार मित्रहरु र यस गाउँपालिकामा कार्यरत सम्पुर्ण शाखाका कर्मचारी ज्यूहरुमा सर्वप्रथम म न्यानो अभिवादन व्यक्त गर्दछु।

हाम्रो पाँच वर्षे कार्यकालको दोस्रो आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सम्मका जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो अमुल्य जिवन वलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुलाई स्मरण गर्न चाहन्छु।

धेरै लामो संघर्षवाट प्राप्त संघीयताको मुल आधारको रुपमा स्थानीय सरकार हरुको गठन भएको छ। यसले आफ्नो स्थापनाको छोटो समयमानै संघीयताको सवलिकरण, लोकतन्त्रको सुदृणीकरण र जनताको विकास र प्रशासनिक कार्यको संवोधन र संविधान प्रदत्त जिम्मेवारी निर्वाह गर्ने र जनतालाई सेवा प्रवाह गर्ने सवालमा गाउँपालिकाले आगामी आर्थिक वर्षमा महत्वपुर्ण फड्को मार्ने प्रतिवद्धता यस नीति तथा कार्यक्रमवाट गर्न चाहन्छु।

**सभा सदस्यज्यूहरु,**

- वातावरण संरक्षण, जलवायु परिवर्तन तथा वातावरण प्रदुषण न्युनीकरणका लागि हाम्रो विनयी त्रिवेणी गाउँपालिका सदैव कठिबद्द रहनेछ।
- विपदको समयमा मानविय, पशुजन्य, तथा धनजनको क्षती हुन नदिनका लागि गाउँपालिकाको तर्फवाट ईलाका प्रहरी कार्यालय दुम्किवासलाई उद्धार सामाग्री उपलब्ध गराउने र विपदसंग लड्नका लागि गाउँपालिकाले ईलाका प्रहरी कार्यालय दुम्किवास, औधोगिक सुरक्षा वल सर्दि, अस्थायी प्रहरी चौकी सर्दि, नेपाल रेडक्रस सोसाईटी दुम्किवास र त्रिवेणी तथा अन्य सम्वन्धीत सरोकारवाला हरुसंग सहकार्य गरि मनसुन विपदसंग जुधनका लागि संयन्त्र खडा गरि तत्काल उद्धार गर्न व्यवस्था मिलाइनेछ।
- हाम्रो गाउँपालिका भौगोलिक हिसावले तिन तहको रहेको कुरा सवैमा विदितै रहेको कुरा हो। आर्थिक हिसावले विनयी खोला यस गाउँपालिकाको मेरुदण्डकै हिसावले रहेको छ भने यसको व्यवस्थापन हाम्रा लागि उत्तिकै महत्वपुर्ण छ। विनयी लगायत अन्य खोलावाट हुने खेतियोग्य जमिन कटान लाई न्युनीकरण गर्न यस वर्ष खोलाको नदिजन्य पदार्थ निकासीवाट प्राप्त हुने राजश्वको निश्चित रकम यसै खोलाको संरक्षणमा लगाउने र विनयी खोलाको नापी नक्सा रेखाङ्कन गरी त्यँहा बाट प्राप्तहुने सार्वजनिक जग्गाको संरक्षण गर्ने हाम्रो नीति रहेको छ।

- ❖ भौतिक पुर्वाधारका अतिरिक्त विनयी त्रिवेणी गाउँपालिकाले अन्य सामाजिक क्षेत्रको विकासमा विशेष रणनीति र योजना वनाएर अगाडी वढ्ने छ।
- ❖ स्थानीय शासन संचालन ऐनमा भएको व्यवस्था बमोजिम सामुदायिक वनहरु संग सहकार्य गरि आन्तरिक राजस्व परिचालन क्षमता विस्तार गरिनेछ।
- ❖ यस गाउँपालिकाको मुख्य समस्याको रुपमा रहेको जङ्गली जनवारको आक्रमणको शिकार मानिसहरु र घरपालुवा जनवारहरु हुने कुरालाई ध्यानमा राखि चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ति वनसंगको सहकार्यमा वन सिमामा तारवार लाउनका लागि सम्वन्धीत सवै सरोकारवालहरुसंग सहकार्य गरि आवश्यक पहल गरिनेछ।
- ❖ पालिका प्रहरीको व्यवस्था गरि पालिका भित्रका बजार क्षेत्रको व्यवस्थापन, शान्ति सुरक्षा व्यवस्थापन तथा अबैध क्रियाकलाप नियन्त्रणमा परिचालन गरिनेछ ।
- ❖ बर्षातको समयमा ठाडो र खहरे खोलाहरुले गर्ने भु-क्षय तथा कटान नियन्त्रण गर्न आवश्यक स्थानमा खोला च्यानलाइज र तटबन्धनको कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गाउँपालिका भित्ररहेका सार्वजनिक जग्गाहरुको खोजि र परिचान गरि संरक्षण गर्ने आवश्यक व्यवस्था मिलाइनेछ। नदि उकासका जग्गाहरु पालिकाको स्वामित्वमा ल्याउने आवश्यक समन्वय र पहल गरिनेछ ।
- ❖ अव्यवस्थित वसोवासि, भुमिहिन दलित, भुमिहिन सुकुम्वासी हरुलाई व्यवस्थित गर्दै लगिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- ❖ शैक्षीक तंथ्याक व्यवस्थापन, विद्यालय नक्शांकन आवधिक शैक्षीक योजना निर्माण एंवम कार्यन्वयनका लागि आवश्यक वजेटको व्यवस्था गरि गाउँपालिका भित्रका विद्यालयहरुको पुर्वाधारमा सुधार ,शिक्षकको क्षमता अधिवृद्धिका लागि दक्ष र अनुभवि ट्रेनरवाट शिक्षकहरुलाई तालिमको व्यवस्था गरि गुणस्तर शिक्षा प्रदान गर्ने नीति गाउँपालिकाको रहनेछ ।
- ❖ विषयगत शिक्षकबाट मात्र शिक्षाको गुणस्तर हुनेहुदा स्वयम् सेवक विषयगत शिक्षकहरुको ब्यवस्था गरिनेछ।
- ❖ यस विनयी त्रिवेणी गाउँपालिका भित्र रहेका विद्यालय तहमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि गाउँपालिकाको सम्पुर्ण चिनारी झल्कने हिसावले १-५ सम्म गाउँपालिकाले आफ्नै स्थानीय पाठ्यक्रमको निर्माण गरि विद्यालय हरुमा पठन पाठन गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ यस गाउँपालिकाका आधारभुत विद्यालयहरुमा सूचना प्रविधिसंगको पहुँच विस्तार गर्नका लागि विद्यालयहरुमा सूचना प्रविधिसंग सम्वन्धित उपकरणहरु वितरण गरिने नीति रहको छ।

❖ विभिन्न कार्यक्रमवाट निर्माण कार्य संचालन भई रहेका सामुदायिक विद्यालयको अपुरा भौतिक संरचनालाई क्रमशः पुरा गर्दै लगिने र जिर्ण भएका भवन मर्मत संभार गरिनेछ।

❖ अंग्रेजी माध्यममा पठनपाठन गराउने विद्यालयहरुका लागि १-५ सम्म निशुल्क अंग्रेजी माध्यमका पाठ्यपुस्तक विद्यालयहरुलाई अनुदानमा उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

❖ सामुदायिक विद्यालयहरुमा नव प्रवेशि विद्यार्थीहरु लाई विद्यालय सम्म आकर्षित गर्नका लागि गाउँपालिकावाट मन्टेश्वरी सामाग्रीहरु उपलब्ध गराइनेछ ।

❖ अपाङ्गता भएका वालवालिकाको शिक्षामा पँहुच र गुणस्तर अभिवृद्धिका लागि विशेष व्यवस्था गरिनेछ।

❖ यस गाउँपालिका, सामुदायिक विद्यालय र विभिन्न सरोकारवाला संघसंस्थासंगको सहकार्यमा सामुदायिक विद्यालयहरुमा क्रमशः सवारी साधन खरिद गर्नका लागि साझेदारिमा रकम उपलब्ध गराउदै लगिनेछ।

❖ यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यकता अनुसार कक्षा समायोजन र विद्यालय समायोजनको कार्यको थालानीलाई निरन्तरता दिइनेछ।

❖ सामुदायिक तथा संस्थागत विद्यालयहरुका अनुगमन, निरिक्षण र मूल्यांकन प्रणालीलाई प्रभावकारी वनाईनेछ।

❖ सामुदायिक सिकाई केन्द्र र कला केन्द्रहरु स्थापना गरिनेछ।

**सभा सदस्यज्यूहरु,**

❖ "नागरिकको स्वास्थ्य पालिकाको जिम्मेवारी" स्वास्थ्यमा आवश्यक प्रबन्ध मिलाइने छ।

❖ पालिकाको एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ।

❖ यस गाउँपालिकाले आफ्नै स्वास्थ्य तथा जनसंख्या नीति निर्माण गरि कार्यन्वयनको प्रवन्ध मिलाईनेछ।

❖ यस गाउँपालिकाका भित्र वढ्दो आन्तरिक वसाईसराई जस्ता विषयको समयानुकुल व्यवस्थापन गर्दै व्यवस्थित शहरिकरण तर्फ गाउँपालिका भित्रका सर्दि वगैचा, दुम्किवास तथा त्रिवेणी जस्ता स्थानमा सहरको सौन्दर्यकरण, दिगोपना र वातावरणिय सन्तुलनको आधारमा पुर्वाधारको निर्माण गरिनेछ र उक्त स्थानमा रहेका जनस्वास्थ्य सम्वन्धी पुर्वाधारको स्तरवृद्धि गर्दै लगिने छ।

❖ वर्थिङ्ग सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीको कार्य सम्पादनलाई मुल्यांकन गर्दै निश्चित प्रोत्सहान रकमको प्रवन्ध मिलाईनेछ। गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकीका ल्यावहरुको स्तरवृद्धि गर्दै गुणस्तरिय स्वास्थ्य सेवामा वृद्धि गरिनेछ।

- ❖ वालवालिका तथा किशोरीहरुको पोषण स्थितीमा सुधार ल्याउन वहुक्षेत्रीय पोषण कार्यक्रमलाई गाउँपालिका भित्रका सवै कार्यक्रममा मुल प्रवाहिकरण गरिनेछ। साथै गर्भवती तथा सुत्केरी (सुनौला हजार दिनका ) महिलाको स्वास्थ्य र पोषणलाई प्रवर्धन गर्न संघीय सरकारको कार्यक्रम बाहेक गाउँपालिकावाट थप आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ स्वास्थ्य विमा कार्यक्रममा सवैको पहुँच सुनिश्चिता गरी स्वास्थ्य विमालाई थप प्रभावकारी वनाउनका लागि विनयी त्रिवेणी अस्पताल स्थापना गरि स्वास्थ्य विमा गर्ने प्रवन्ध मिलाईनेछ।
- ❖ प्रस्तावित १० शैयाको विनयी त्रिवेणी आधारभुत अस्पताल निर्माणका लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ तथा उक्त अस्पताल निर्माणका लागि आवश्यक जग्गाको व्यवस्था गरि आगामी बर्षमै अस्पतालको सेवा प्रारम्भ गरिनेछ।
- ❖ त्रिबेणी सुस्ता स्वास्थ्य चौकी र बेनिमणिपुर स्वास्थ्य चौकिलाई ५ सैयाको हस्पिटलमा स्तरउन्नति गर्नको लागि पहल गरिनेछ ।
- ❖ यस गाउँपालिका भित्र ६० वर्ष उमेर सम्म काम गरि स्वास्थ्यको क्षेत्रमा योगदान दिएका स्वास्थ्य महिला स्वंयम सेविकालाई सम्मानजनक विदाई कार्यक्रम लाई अनिवार्य गरिनेछ।
- ❖ यस गाउँपालिका भित्र रहेका गम्भिर प्रकृतिका रोग विशेषत थालेसेमिया Bone Marrow समस्या पिडितलाई उपचारमा मासिक आर्थिक सहायताको ब्यवस्था गरिनेछ ।
- ❖ सुरक्षित प्रसुती सेवा गाउँपालिकाको Birthing Center मा भएमा घरदेखि Birthing Center सम्म पुग्न लाग्ने Ambulance खर्च उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- ❖ यस गाउँपालिकाका पशुपालक कृषकहरुलाई आधरभुत औषधीहरु अभाव हुन नदिनका लागि आवश्यक औषधीको प्रवन्ध गाउँपालिकावाट मिलाईनेछ।
- ❖ पशुपंक्षीको खोप सेवा कार्यक्रम ( भ्यागुते, खोरेत, पि.पि.आर., स्वाईन फिभर रानिखेत, रेविज र लम्पी स्किन ) जस्ता पशुहरुको प्राण घातक रोगको नियन्त्रण गर्नका लागि यस वर्ष गाउँपालिकाको तर्फ पुर्ण खोपहरुको व्यवस्था गरिनेछ साथै यस वर्ष पुर्ण खोपको घोषणा गर्ने लक्ष्य लिईनेछ।
- ❖ पशुपालक कृषकहरुको सुविधाका लागि यस गाउँपालिका भित्र प्राईमरी ल्यावलाई थप ब्यवस्थित गरिनेछ।
- ❖ राजमार्ग तथा भित्रि मुख्य सडकहरुमा दुर्घट्नामा परेका घाईते पशुपंक्षी हरुको उपचारका लागि आकस्मिक उपचार सेवा कार्यक्रम संचालनमा ल्याईने छ।

- माध्यमिक तहमा पठन पाठन गरिरहेका वालवालिकाहरु लाई मान्छेवाट पशुपंक्षी र पशुपंक्षीवाट मान्छेमा सर्ने प्राण घातक जुनोटिक रोग सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- पशु विमा कार्यक्रमलाई व्यापक रुपमा संचालन गर्नका लागि गाउँपालिका भित्र रहेका सम्पुर्ण पशुहरु ( गाईभैसी, भेडावाखा, वंगुरसुंगुर ) को निशुल्क विमा गरि पशु धन सुरक्षण गर्ने गाउँपालिकाको मुख्य नीति रहेकोछ।
- किसानहरुले पालेका गाई भैसीहरु सुत्केरी भएका अवस्थामा पशुको स्वास्थ्य, तन्दुरुस्ति र उत्पादनमा वृद्धि ल्याउनका लागि सुत्केरी स्यहार कार्यक्रमलाई  निरन्तरता दिईनेछ।
- व्यवसायिक वंगुरपालक, वाखापालक, गाईभैसी पालक कृषकहरुलाई प्रोत्साहन गरि गाउँपालिकावाट मासु तथा दुधजन्य पदार्थ निर्यात गर्ने उदेश्यले प्रोत्सहान स्वरुप उन्नत जातको नश्ल व्याडे व्यूहरु वितरण गरि पशुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरि कृषकहरुको आय वढाउनुको साथै जिवनस्तर उकास्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- यस गाउँपालिका भित्र माछा उत्पादन कार्यक्रमको सम्भाव्यता अध्ययन गरि माछाँमा कृषकहरुको आकर्षण बढाई यस गाउँपालिकालाई माछामा आत्मनिर्भर गराउन पोखरीहरु मर्मत तथा निर्माणमा सहयोग गर्ने कार्यक्रम संचालन गरिनेछ।
- गाई भैसी, भेडा वाखा, वगुंर सुगुरं पालनमा लागेका कृषकहरुको खोर गोठ सुधार कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न मेरो गोठ कार्यक्रम लागु गरिनेछ।
- धार्मिक आस्थाका केन्द्रहरुमा पालिने पशु चौपायाहरुले राजमार्ग लगायतका अन्य स्थानमा हुने सडक दुर्घटनाको जोखिम न्युनीकरण गर्ने हुदा ति स्थानहरुमा पशु चौपायको संरक्षण गर्नका छाडा चौपाया व्यवस्थापनको लागि आवश्यक प्रबन्ध गरिनेछ।
- स्वच्छ मासु उत्पादन तथा सुदृणीकरण लागि मासु पसलको संचालन मापदण्डलाई कार्यन्वयन गर्न अनुगमन तथा नियमन कार्यक्रमलाई अगाडि वढाईनेछ।
- कृषकको क्षमता अभिवृद्धि गर्नका लागि खोर गोठमा प्रत्यक्ष गई प्राविधिक तालिम संचालन गर्न कृषकको माग अनुसारका तालिम संचालन कार्यक्रम अगाडी वढाईनेछ।
- ज्ञान सिप धारणको विकास गर्नका लागि व्यवसायिक अगुवा कृषकहरुलाई अन्तर जिल्ला अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ।
- हामिसंग भएका पशु सेवासंग सम्वन्धित प्राविधिकलाई समयानुकुल प्रविधिको विकास गराउनका लागि तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- पशुपंक्षीको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी अन्य संघ संस्थासंग गाउँपालिकाले सहकार्य गर्दै अगाडी वढ्ने नीति लिनेछ।

❖ मासु व्यवसायीलाई व्यवस्थित गर्न नियमित अनुगमन गर्न तथा मापदण्ड विपरित संचालन भएका मासुपसललाई बन्द गराइनेछ ।

**सभा सदस्यज्यूहरु,**

❖ हाम्रो विनयी त्रिवेणी गाँउपालिका राम्रो विनयी त्रिवेणी गाँउपालिका लाई सवल र सफल बनाउन विदेशी तरकारीलाई निरुत्साहित गर्न घरघरमा मेरो करेसाबारी कार्यक्रम लागु गरिनेछ ।

❖ आधारभुत खाद्यान्नमा विनयी त्रिवेणी गाउँपालिकालाई आत्मनिर्भर वनाउनका लागि स्पेशल पकेट जोनको स्थापना गरि वडा न. ६ र ७ (केरा उखु पकेट), वडा न. १ र २ (तोरी र धान पकेट), वडा न. ३ र ५ (बाख्रा र अमिलो जातको फलफुल पकेट), वडा नं. ४ (धान,मकै र तोरी पकेट) क्षेत्रका लागी पकेट जोन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

❖ वजारमुखि उत्पादनलाई मध्यनजर गर्दै हिउदे र बर्खे तरकारीको विउँ कृषकलाई निःशुल्क उपलब्ध गराइनेछ ।विजु, विउ र वेर्ना उत्पादनका हेतुले यस गाउँपालिकामा सामुहिक नर्सरी स्थापना गरि विभिन्न तरकारी, फलफुल, फुल, मसलाजन्य वालिहरुको वेर्ना निशुल्क वितरण गराइनेछ ।

❖ यस गाउँपालिकाको वडा न. ६ र ७ वाट क्रमशः अनुदानमा उच्च घनत्व केरा खेति प्रविधिलाई विस्तार गर्नका लागि किसानलाई प्रोत्सहान गराईनेछ ।

❖ च्याउ उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य अनुरुप प्रत्यक वडामा च्याउ खेती संम्वन्धि कार्यक्रम संन्चालन गरिनेछ ।

❖ पालिका भित्र रहेका सबै सामुदायिक वनहरूको साझेदारीमा खेर जाने वन पैदावारलाई प्रयोगमा ल्याउन आवश्यक पहल गरिनेछ ।

❖ गाउँपालिका भित्रका खेतियोग्य जमिनहरुमा वाह्रै महिना पर्याप्त सिंचाई सुविधा उपलब्ध गराउनका लागि गाउँपालिका भित्रका मुख्य नदिहरुवाट कुलो निर्माण गर्ने, वोरिङ्ग जडान गर्ने तथा साना सिंचाई आयोजना संचालनमा ल्याउन सम्पुर्ण पानीका स्रोतहरु लाई सहि ढंगले उपयोग गरिनेछ ।

❖ कृषि क्षेत्रमा व्यवसायीकरण, आधुनिकिकरण र यान्त्रिकिकरण गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषकलाई आवश्यक पर्ने साना तथा मझौला प्रकारका उपकरणहरु अनुदानमा उपलब्ध गराउने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

❖ कृषि क्षेत्रको स्थायी विकासको लागि प्रत्येक वडाका सिमान्तकृत कृषकलाई तिन महिनाको १ पटक स्थलगत तालिम आयोजना गरि कृषकको कार्य क्षमता वृद्धि गरिनेछ।

- प्रत्येक वडामा सशक्त कृषक समुह गठन, व्यवस्थापन र कार्यन्वयन गर्दै लगिनेछ।
- विभिन्न वालि नालिमा तत्काल भैपरि आउने रोग, किरा र अन्य अवशेष रोकथामका लागि आवश्यक पर्ने रासयानिक मल, विषादि आदिको वितरण गरिनेछ।
- कृषक मल कार्डको व्यवस्था गरि किसानलाई रसायनिक मल उपलब्धतामा सहजिकरण गरिनेछ ।
- गैर सरकारी संस्थाहरुसंग सहकार्य गरि मसलावालि प्रवद्धन कार्यलाई आगाडी वढाइनेछ।

**सभा सदस्यज्यूहरु,**

- यस गाउँपालिका भित्र रहेका खर फुसको छानोलाई क्रमशः विस्थापन गर्दै शुन्य अवस्थामा झार्ने नीति अनुरुप बाँकी घरहरुको कामलाई तिब्रता दिईनेछ ।
- पालिकाको गौरवको योजना दुम्किबास, सर्दी सडकको दुवै किनारमा फलफूलका विरुवा रोप्न प्रोत्साहन गर्दै शहरी सौन्दर्य प्रबर्द्धनलाई प्राथमिकता दिइनेछ ।
- निर्मित सार्वजनिक निर्माणका योजनाहरुको संरक्षण गर्न तथा सार्वजनिक सडकहरुमा निर्माण सामग्री थुपार्ने, जथाभावी सडक संरचना खन्ने बिगार्ने व्यक्ति वा समुहलाई कडा भन्दा कडा कानुनी कारवाही गर्ने व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाको खर्च व्यवस्थापनलाई नतिजामुखि वनाउनका लागि गाउँपालिकाको पुजिगत खर्च वृद्धि गर्न र विकास आयोजना कार्यन्वयनलाई सहजिकरण गर्न नतिजामा आधारित आयोजना व्यवस्थापन प्रणाली सहितको विकास सम्वन्धी छुट्टै नीति अवलम्वन गरिने छ।ठुला र गाउँपालिकाका गौरवका आयोजनाको समयमानै ठेक्का प्रणाली अख्तियार गरि समयमानै कार्य सम्पन्न गर्ने वातावरण गाउँपालिकाले तयार गर्ने छ भने समय भन्दा अगावै कार्य सम्पन्न गरि गाउँपालिकालाई हस्तान्तरण गर्ने ठेकेदारलाई गाउँपालिकावाट सम्मान गरिने व्ववस्था गरिनेछ।
- गाउँपालिकाको प्राथामिकताका आधारमा विकास कार्यक्रम र आयोजनालाई वजेट कार्यक्रमसंग आवद्ध गरिनेछ। ठुला तथा रणनीतिक महत्वको पुर्वाधार निर्माणका लागि संघीय र प्रादशिक सरकारसंग सहकार्य गर्दै गाउँपालिका अगाडी वढ्ने नीति रहनेछ।
- प्रदेश सरकारको रणनीतिक महत्वको सडक त्रिवेणी -दुम्किवास -पाल्पा पुग्ने सडकको संघीय सरकार र प्रदेश सरकारसंगको सहकार्यमा निर्माण कार्यको थालानी गर्न आबश्यक पहल गरिनेछ।
- विनयी त्रिबेणी गाउँपालिका भित्रका सार्वजनिक स्थानको पहिचान गरि संरक्षण गरिनेछ ।

- गाउँपालिकामा संचालन हुने विकास योजनाका लागि योजना बैंक स्थापना गरिनेछ र सोहि आधारमा योजनाको छनोट गरिनेछ।
- न्यून प्लास्टिक उपयोगलाई प्राथमिकता दिदै प्लाष्टिकमुक्त विनयी त्रिवेणी गाँउपालिका घोषणा गर्ने अभियान अघि बढाइनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने ठाउको खोजि गरिनेछ भने आवश्यक कानुनको र स्रोत साधनको व्यवस्था गरि उचित व्यवस्थापन गरिने छ।फोहरमैला व्यवस्थापनको दिर्घकालिन रणनीति निर्माण गर्न आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ ।
- व्यवस्थित, सुरक्षित र सुन्दर विनयी त्रिबेणीको परिकल्पना साकार पर्न सबै किसिमको भवन निर्माण गर्दा अनिवार्य रुपमा पुर्व स्वीकृत लिनुपर्ने, वस्ती, शहरी योजना तथा भवन निर्माणका लागी निर्माण मापदण्ड २०७२ सम्बन्धि कानुनी व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । प्रचलित कानुन बमोजिम पुर्व स्वीकृति नलिई नयाँ घर निर्माण गर्ने घरधनीलाई आधारभुत लाग्ने शुल्कको दोब्बर दस्तुर लिएर मात्र मापदण्ड अनुसार भवन निर्माण भएको रहेछ भने घर नक्शा अभिलेखीकरण गर्ने नीतिगत व्यवस्था गरिनेछ।
- प्रत्येक वडामा खेलमैदानको अवधारणा अनुसार खेल मैदान निर्माण कार्य अगाढी बढाइनेछ ।यस गाउँपालिकामा रंगशाला निर्माणको लागि प्रदेश तथा संघीय सरकारसंग समन्वय गरि निर्माण कार्य अगाडी वढाईनेछ।
- दिगो विकासको अवधारणलाई पुर्णरुपमा आत्मसाथ गर्दै जलाधार, वनजंगल एवं अन्य प्राकृतिक स्रोतसाधनको संरक्षण र उपभोग गरिनेछ । रोजगारीमूलक, गरिबी न्यूनीकरणमा सहयोग पुग्ने खालका पूर्वाधार विकासमा जोड दिईनेछ ।पूर्वाधार निर्माणको दिगोपन सुनिश्चितताको लागि उपभोक्ता बाट भौतिक तथा श्रम सहभागिता जुटाई अपनत्व बोध गराईनेछ।
- गाउँपालिकाका सम्पुर्ण वडालाई सडक संजालले जोड्न आन्तरिक सडक निर्माणलाई प्राथमिकता दिईनेछ । निर्माणधीन सडक पुरा गर्दै जाने एवं सडक स्तरउन्नती गर्ने कार्यलाई प्राथमिकता दिईनेछ। सडकको दिगोपना, शहरी सौन्दर्य उपयुक्त सडक मापदण्ड लागु गर्न तयार गरिएको" गाउँपालिका सडक गुरुयोजना परिमार्जित गरि " (MTMP) कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माणमा जनसहभागिता सुनिश्चितताक लागि पूर्वाधार निर्माणमा न्यूनतम १०% श्रम सहभागिता अनिवार्य गर्ने व्यवस्था गरिनेछ। शिक्षा र स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार निर्माण गर्दा जनसहभागितालाई अनिवार्य गरिनेछ।

- हाल उपयोगमा रहेको विद्युत सेवाको गुणस्तर तथा क्षमतालाई आवश्यकता अनुरुप स्तरोन्नती गरिनेछ ।विधुतीकरण नभएको स्थानहरु तथा टोल वस्तिमा विद्युतीकरणको लागि पहल गरिनेछ ।
- प्रस्तुत नीति तथा कार्यक्रमले कृषि, रोजगार, पर्यटन, उधोग र पूर्वाधार समृद्ध विनयी त्रिबेणीको आधार मुल ध्येयलाई पुरा गर्न सन्तुलित , समावेशी विकास गर्ने लक्ष्य लिएको छ ।गाउँक्षेत्रको समग्र विकासको लागि वृहत एकिकृत गाउँ विकाश योजना (comprehensive integrated town development plan ) तयार गर्न, गाउँको भू-उपयोग र आवास नीति तर्जुमा गरी समुन्नत गाउँको रुपमा विकास गरिनेछ ।
- भैरहेको बाटोलाई नाली ग्राभेल वा पिच गरी बाटोको स्तरोन्नति गरिनेछ भने आवश्यकताको पहिचानमा नया ट्र्याक खोलि बिघमान बाटोलाइ Alignment correction पहल गरिनेछ ।
- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि प्रारम्भिक वातावरणीय परिक्षण DPR लगायत निर्माण गरि जग्गा प्राप्तिको लागि आवश्यक पहल गरिनेछ ।
- दिगो र वातावरणमैत्रीक पूर्वाधार निर्माणको लागि निर्मित सार्वजनिक संरचनाको नियमित मर्मत सम्भार गरिनेछ ।सोको लागि मर्मत सम्भार कोष परिचालन गरिनेछ ।पूर्वाधार निर्माणका योजनाहरुमा कट्टी गरिने कन्टिनजेन्सी रकमको ५० प्रतिशत रकम मर्मत सम्भारकोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।
- निर्मित संरचनाको दिगोपनाको लागि गुणस्तरयुक्त निर्माण सामग्रीको प्रयोग, प्रयोगशाला व्यवस्थापन तथा निर्मित आनुगमन र मुल्यांकन कार्यलाई थप प्रभावनकरी बनाइनेछ ।
- हलुका सवारी साधान जस्तै ई-रिक्सा, म्याजिक, अटो लगायत साधनहरुलाई नियमित गर्ने आवश्यक व्यवस्था मिलाइनेछ ।
- नक्शा पास नगरी घर, संरचना निर्माण गर्ने कार्यलाई निरुसाहित गर्न तथा नक्शापासलाई प्रोत्साहित गर्न अभिलेखीकरणमा लिइएको दस्तुरलाई वृद्धि गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- यस गाउँपालिका भित्र करका दायराहरुलाई फराकिलो वनाउदै लगेर गाउँपालिकाको राजश्वलाई वढवा दिदै गाउँपालिकाको सामाजिक र आर्थिक सूचकमा सुधार गर्दै लग्ने हाम्रो नीति रहेकोछ।
- नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गरि गाँउपालिका भित्रका खानिहरुको भौगर्भिक अध्ययन, संरक्षण, अनुसन्धान तथा ढुङ्गा ,गिट्टि वालुवा तथा नदिजन्य पदार्थको उत्खनन्, संकलन

प्रशोधन र वितरण सम्वन्धी नीतिगत व्यवस्था गरि गाउपालिकाको आम्दानीको स्रोतको दायरा फराकिलो बनाइनेछ, राजस्व परिचालन क्षमता वृद्धि गर्न राजस्व संग सम्बन्धित बिषयमा मौजुदा कानुनी व्यबस्था र सरोकारवाला व्यक्ति र निकाय संगको समन्वयमा निकाशी तथा अन्य कर प्रणालि अवलम्वन गर्ने तर्फ पालिकाको ध्यान केन्द्रित गरिनेछ।

- ❖ नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानीय सरकारलाई प्राप्त राजश्व सम्वन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्धि एंव आत्मनिर्भर वनाउन राजश्व संङ्कलनका सवै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशिल र समतामुलक ढंगले करका दरहरु निर्धारण गरिनेछ।
- ❖ स्थानीय करका सम्वन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा स्थानीय सरकार संचालन ऐनमा विभिन्न व्यवस्थाहरु गरिएका छन् । वर्तमानमा भएका तिनै मौजुदा व्यवस्थालाई टेकेर वैज्ञानिक र व्यवहारिक कर प्रणालि अवलम्वन गरिनेछ।
- ❖ गाउँपालिका अन्तर्गतका करदाताहरुलाई प्रोत्सहान गर्ने वातावरणका साथै सवैभन्दा धेरै कर तिर्ने करदातालाई सम्मान गर्ने। समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समय कर नतिरि अटेर गर्नेलाई गाउँपालिकाले दिने सवै सेवा सुविधा रोक्का गर्ने सम्मको व्यवस्था मिलाइनेछ ।
- ❖ राजश्व प्रशासनको प्रभावकारिताका लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड वनाई लागु गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालिलाई थप शसक्त र प्रभावकारी वनाउने ।
- ❖ सवै किसिमका पेशा व्यवसाय संचालनको दर्ता, नविकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदातामैत्री वनाइनेछ।
- ❖ कर संकलनलाई थप प्रभावकारी वनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा संकलन गर्न वडा समितिलाई प्रभावकारी ढंगवाट परिचालन गरिनेछ।
- ❖ नदिजन्य पदार्थको चोरी निकाशी नियन्त्रण गरि राजस्व अभिबृद्ध गर्ने चोरी निकासीमा प्रयोग गरिने औजार, उपकरण र सवारी साधनमा लगाई आएको जरिवाना रकममा परिमार्जन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- ❖ शिक्षा, तालिम र अध्ययन अवलोकनका माध्यमवाट सहकारीहरुको संस्थागत क्षमता विकास र सहकारी सम्वन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।
- ❖ कृषी र पोषण लगायत अन्य उत्पादन तथा सेवामा आधारित सवै प्रकारका क्षेत्रमा सहकारीलाई कृयाशिल तुल्याईनेछ।

- ❖ महिला, गरिव, सिमान्तकृत, अपाङ्ग, भुमिहिन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जिवनस्तरमा सुधार ल्याउन सहकारीको पँहुच अभिवृद्धि गरिनेछ ।
- ❖ सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्वन तथा नियमन मार्फत सहकारी क्षेत्रमा शुसासन कायम गरिनेछ।
- ❖ सहकारीको विकास, विस्तार र प्रवर्द्धनका लागि दिर्घकालिन योजना, मानव संशाधन विकास, आवश्यक संगठन संरचनाहरुको निर्माण एंव समयानुकुल संशोधन गर्दै लगिनेछ ।
- ❖ सहकारीको विकास, विस्तार र प्रवर्द्धनका लागि दिर्घकालिन योजना, मानव संशाधन विकास, आवश्यक संगठन संरचनाहरुको निर्माण एंव समयानुकुल संशोधन गर्दै लगिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- ❖ गाउँपालिकाका आधारभुत तहमा सवै वर्ग, लिङ्ग र जातजातीको समानुपातिक प्रतिनिधित्व गरिनेछ। महिला उत्थानका र शसक्तिकरणका कार्यक्रमलाई प्रभावकारी वनाउदै सिपमुलक र क्षमता अभिवृद्धिका कार्यक्रम मार्फत महिला तथा किशोरीहरुको शसक्तिकरण गर्दै जाने नीति रहनेछ।
- ❖ महिला र लैगींक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने सवै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्दै लैंगिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्ने नीति लिईनेछ।
- ❖ हिंसा पिडित महिलाको तत्काल उद्धार गर्नका लागि गाउँपालिकाले छुट्टै कोषको स्थापना गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ वालवालिकाको हक अधिकार सुनिश्चित गर्दै आधारभुत स्वास्थ्य,शिक्षा र पोषणमा सवैको पँहुच अभीवृद्धि गरिनेछ।
- ❖ हिंसामा परेका विशेष संरक्षणको आवश्यकता रहेका तथा अनाथ वालवालिकाहरुको संरक्षणको लागि प्रदेश तथा संघीय सरकारसंगको सहकार्यमा उद्धार कार्य तथा सेफ हाउस सम्म पुर्याउने कार्य गरिनेछ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको परिक्षण तथा अपाङ्गता परिचयपत्र वितरण कार्यलाइ निरन्तरता दिइनेछ।
- ❖ जेष्ठ नागरिकको स्वास्थ्य अवस्था परिक्षण गर्नका लागि गाउँपालिका भित्रका विभिन्न स्थानमा स्वास्थ्य शिविर संचालन गरिनेछ।
- ❖ यस गाउँपालिका भित्र रहेका दलित समुदायको सशक्तिकरण गर्नका लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ।

- आदिवासी जनजातीको उत्थान र संरक्षण गर्नका लागि गाउँपालिकावाट विशेष कार्यक्रमहरु वनाएर संवोधन गर्ने मुख्य नीति रहनेछ।
- सामाजिक संघ संस्थाको पारर्दशिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्दै यस गाउँपालिकामा संचालित गैर सरकारी संस्थासंग सहकार्य र समन्वय गर्दै अगाडि वढ्ने नीति रहनेछ भने तिनिहरुको अनुगमन तथा मुल्यांकन सारभुत तथा प्रभाकारी रुपमा गरिनेछ।
- महिला, बालबालिका र र बृद्धाहरुका लागि स्वास्थ्य परिक्षण तथा स्वास्थ्य शिविर कार्यक्रम सात वटै वडामा संचालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- व्यवसायिक उत्पादन तथा रोजगारी अभिवृद्धिका लागि नेपाल सरकारले संचालन गरेको लघु उद्यम विकास कार्यक्रम र प्रधानमन्त्रि रोजगार कार्यक्रमसंगको सहाकार्यमा युवा उद्यमशिल सोचको विकास एंव स्थानीय श्रम, पुजी प्रविधि तथा कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न उद्यमशिलता विकास, सिपमुलक तालिम तथा उपयुक्त प्रविधि हस्तान्तरणको कार्यक्रमहरु संचालन गरिनेछ।
- यस गाउँपालिकामा सुचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गर्नका लागि स्थानीय तहले संचालन गर्ने योजना आयोजनाहरुमा आवश्यक श्रमिक पुर्ति गर्दा आयोजना सम्झौतामा अनिवार्य सुचिकृत वेरोजगारलाई काममा खटाउने गरि नीति लिईनेछ।
- यस गाउँपालिकामा सुचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गर्नका लागि स्थानीय तहले सघ प्रदेश र स्थानिय तहका कार्यक्रममा वित्तिय साझेदारी गर्ने नीति लिइनेछ ।
- श्रम तथा रोजगारी क्षेत्रको समुचित व्यवस्थापनको लागी ५ बर्षे रोजगार रणनिती तर्जुमा गरिनेछ ।आन्तरिक रोजगार, न्युनत्तम रोजगार, बैदेशिक रोजगार लगायत स्वरोजगार तथा उघमशिलता सँग सम्वन्धित विषयलाइ व्यवस्थित गर्न स्थानिय तहको संगठन संरचनामा एकिकृत श्रम तथा रोजगार शाखा विस्तार गरि आवश्यक सेवाहरुलाइ एकिकृत रुपमा प्रवाह गरिनेछ ।
- यस गाउँपालिकामा वेरोजगार भई सुचिकृत भएका व्यक्तिहरुलाई स्वरोजगार वनाउन स्थानीय आवश्यकता अनुसारका विविध सिपमुलक, आयआर्जनमुलक तालिमहरुलाई प्राथामिकताका साथ संचालन गरिनेछ।
- नेपालको संविधानले निर्दिष्ट गरेका गाउँपालिकाको एकल र संघ र प्रदेशसंगका साझा अधिकार सूचीको उपयोग गर्दै गाउँपालिकावासि प्रतिको जिम्मेवारी पुरा गर्न हाम्रो स्रोत, साधन र क्षमताले

भ्याय सम्म क्रियाशिल रहने र जनताको विकास प्रतिको चाहना पुरा गर्नका लागि गाउँपालिका प्रतिवद्ध रहनेछ।

- यस गाउँपालिका भित्र रहेका मझौला तथा ठुला उद्योगहरु र Corporate Agency हरुलाई सामाजिक उत्तरदायित्वको कार्य प्रभावकरी ढंगवाट गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ।
- यस गाउँपालिकावासिको जिवनमा सम्वृद्धि हासिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्वन गरेको विकासको विश्वव्यापि साझा खाका दिगो विकास लक्ष्यको अवधारणालाई यस गाउँपालिकाले गरिवि निवारण र रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरु मार्फत शुन्य भोकमारी र शुन्य वरोजगारीको अवस्था निर्माण गर्ने दिशामा अग्रसर हुनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रम लाइ थप व्यवस्थित गरिनेछ । विनयी त्रिवेणी गाउँपालिकाका बासिन्दालाइ विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावारण तयार गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान लागेका र गैसकेकाहरुलाइ आफ्नो एक प्रति कागजात घरमै छाड्न र विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइनेछ । जसले गर्दा कुनै समस्या परेमा उद्दार, राहत तथा समन्वयमा सहजता हुनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोगका गरी पालिकाको आर्थिक वृद्दिमा टेवा पुर्याइनेछ । त्यसका लागि आवश्यक कार्यक्रम तथा नीतिको व्यवस्था गरि पुन एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सदस्यहरुमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखीम न्यूनीकरण तथा ब्यवस्थापनको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीको क्रममा आमा वा बाबु गमाएका परिवारका सन्तानहरु जसले वैदेशिक रोजगार बोर्ड सचिवालय बाट प्राप्त गर्ने आर्थिक सहायता प्राप्त गर्न सकेका छैनन उनीहरुलाइ पनि सोही अनुसारको छात्रवृत्ती सहायता प्रदान गर्ने व्यवस्था गरिनेछ ।
- सुरक्षित वैदेशिक रोजगार सम्बन्धी चेतनामुलक होर्डिङ बोर्डहरु राख्ने विभिन्न स्थानमा राख्ने व्यवस्था गरिनेछ ।

- स्थानीय तहबाट नै श्रम स्वीकृतीको प्रक्रियालाइ अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाइनेछ ।
- वैदेशिक रोजगार बाट फर्किएका व्यक्तिहरुको निशुल्क सीप परीक्षणको व्यवस्था गरिनेछ ।
- साना र लघु उधामिका उत्पादनलाई प्रोत्साहन र बजारीकरण गर्न साझा सुविधा केन्द्रको स्थापना गरिनेछ ।

**सभा सदस्यज्यूहरु**

- पर्यटनलाई यस गाउँपालिकाको मुख्य आयस्रोतको रुपमा विकास गर्नका लागि यस गाउँपालिकाको सवै गतिविधिसंग पर्यटनलाई आवद्ध गरिनेछ।पर्यटकिय स्थल र वस्तुको विविधिकरण गर्दै पर्यटन क्षेत्रमा रोजगारीको वृद्धि, विदेशि मुद्रा आर्जन र स्थानीय उत्पादनको प्रवर्द्धनमा जोड दिईनेछ।
- ग्रामिण र औधोगिक पर्यटन तथा होमस्टेलाई प्रवर्द्धन गरिनेछ।
- पालिकाभित्र रहेका धार्मिक साँस्कृतिक महत्व र आस्थाका केन्द्रहरुको संरक्षण र सम्बर्द्धन गरि साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- यस गाउँपालिकाको कला संस्कृती एंव मौलिक विशेषता समेटिएका जातजातिको संग्रालहय स्थापनाको लागि अध्ययन गरि स्थापना गर्दै लगिनेछ।
- गाउँपालिका भित्र रहेका समाधीस्थललाई व्यवस्थापन र सुविधा सम्पन्न वनाउदै लगिनेछ।
- जल मार्गका रुपमा वगुवन देखि त्रिवेणी सम्म वाटर वोट संचालनको सम्भाव्यता अध्यन गरिनेछ।
- यस गाउँपालिकाको वडा न. २ मा रहेको कालिकाडाडामा रहेको उद्यान्नलाई राम्रो र व्यवस्थित वनाउदै लग्ने उक्त पार्कसंग साझेदारीमा वाल उद्यान्नको विकास गरिनेछ।
- वडा नं. ६ मा रहेको हिन्दु, मुश्लिम लगायत बहुसंख्यक धर्मावलम्बिको आस्थाको केन्द्र मदरवावालाई गाउँपालिका मातहतमा ल्याई सम्पूर्ण व्यवस्थापकीय कार्य गाउँपालिकाले गर्ने व्यवस्था मिलाइनेछ ।
- त्रिबेणी स्नानघाट र दाह सस्कार घाट लाई सरसफाई, शौचालय, खानेपानी र सुन्दरिकरणलाई जोड दिइनेछ ।
- ग्रामिण एकिकृत पर्यटन विकास कार्यक्रम सुरुवात गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

- ❖ विद्युतिय शासन प्रणालीलाई सार्वजनिक सेवा प्रवाहमा आवद्ध गर्दै यस गाउँपालिकाले प्रदान गर्ने सम्पुर्ण सेवा प्रवाहलाई डिजिटल वनाउदै लगिनेछ।
- ❖ सेवा प्रवहा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि यस गाउँपालिका भित्रका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ।
- ❖ राष्ट्रसेवकहरुमा काम प्रति तत्पर हुने, सेवाभाव सहित समयमानै काम सम्पन्न गर्ने,उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्य संस्कृतिको विकास गरिनेछ।यस गाउँपालिकामा कार्यरत सवै सेवाका कर्मचारीहरुको समयानुकुल क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम र देशका अन्य उत्कृष्ट स्थानीय तह हरुको भ्रमण गराईनेछ।
- ❖ यस गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको पुरस्कार वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनसंग आवद्ध गरिनेछ।
- ❖ भ्रष्टचार न्युनीकरण गर्न भ्रष्टचार विरुद्ध शुन्य सहनशिलताको नीति वमोजिम शुसासन प्रवर्द्ध कार्ययोजना तयार गरि लागु गरिनेछ।
- ❖ गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यलय,स्वास्थ्य संस्थाहरु, विद्यालयहरुमा ज्यालादारी र करारमा कार्यरत कर्मचारीलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्दै लगिनेछ।
- ❖ गाउँपालिकावाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरि वेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गर्ने ।काम सम्पन्न भए पछि मात्र भुक्तानी दिने गरि पेश्की नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिदै वेरुजु शुन्य वनाउने दिशामा अग्रसर हुनेछ।
- ❖ यस गाउँपालिकामा कार्यरत विभिन्न सेवाका स्थायी र करार तथा ज्यालादारिमा कार्यरत राष्ट्रसेवक कर्मचारी र गाउँपालिका अन्तरगत पर्ने सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई जनशक्ति र कर्मचारीको क्षमता विकास योजना तयार गरि क्षमता विकासमा लगानी वृद्धि गर्दै लैजाने ।
- ❖ स्थानीय सरकारलाई स्थानीय जनता प्रति पारदर्शी र जवाफदेहि वनाई राख्नका लागि चौमासिक रुपमा गाउँपालिकाको प्रगती समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
- ❖ जनभावना अनुसार स्थानीय सरकारलाई गतिशिलता प्रदान गर्न र गाउँपालिका र गाउँपालिका वासि विचको सम्वन्ध सुमधुर वनाउनका लागि नागरिक सन्तुष्टि सर्वेक्षण कार्य गरिनेछ ।
- ❖ विशेष गरि कुनै कारणले सार्वजनिक सेवा प्राप्त गर्न कठिनाई भोगिरहेका तथा यस गाउँपालिकाको केन्द्र र वडा कार्यालयवाट टाढा रहेका वडा न. ३, ४, ५ र ६, ७ का सेवाग्राहीलाई मध्येनजर गर्दै जिल्ला प्रशासन कार्यालय संगको समन्वयमा एकीकृत घुम्ती सेवा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

- बसपार्क निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ । अटो व्यवसायीहरुलाई पालिकामा सुचिकृत गरि रुट निर्धारण गरि नंबर प्रदान गर्ने व्यवस्था गरीनेछ।
- अत्याधुनिक प्रविधिको बिस्तार गरि बिधुतिय शासन प्रणाली अबलम्बन गर्ने तथा अत्यधिक मात्रामा प्रविधिको प्रयोग गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।
- प्राबिधिक सेवाका कर्मचारीहरुलाई पालिकाको ३ वटा Cluster मा Station निर्माण गरि सेवा प्रवाहलाई सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- कार्यपालिकाका सदस्यहरुलाई आफ्नो पालिकाको भौगोलिक क्षेत्रको पहिचान र अनुभब दिलाउन आगामी बर्ष देखि कार्यपालिकाको वैठक विभिन्न वडामा गर्ने व्यबस्था मिलाइनेछ ।

धन्यवाद।

**घनश्याम गिरि**

**अध्यक्ष**

**मितिः२०८०/०३/०८**